

## सरकारका सय दिनका उपलब्धी र अपेक्षा

✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

३


### सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ — सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता — राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १७७ ❑ २०८३ असार २३ गते मंगलबार ❑ Tuesday, 7 July, 2026 ❑ मूल्य ७ /-


### दमक नपाको १९ औं नगरसभा सम्पन्न

# सुशासन, पूर्वाधार प्राथमिकतामा

**बेरुजुमा 'शून्य सहनशीलता' नीति, खेलाडी र शिक्षकलाई सम्मान**






✍ बाबुराम क्षेत्री

**दमक/** दमक नगरपालिकाको १९औं नगरसभा सोमबार सम्पन्न भएको छ । नगरसभाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक तथा विभिन्न विषयगत समितिका प्रतिवेदनमाथि विस्तृत छलफल गर्दै आवश्यक निर्णय गरेको छ ।

नगरप्रमुख रामकुमार थापाको अध्यक्षतामा सम्पन्न नगरसभामा उपप्रमुख रेगिना भट्टराई प्रसाई, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, कार्यपालिका सदस्य, नगरसभा सदस्य तथा विभिन्न शाखाका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

नगरसभाको प्रारम्भमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं उपप्रमुख रेगिना भट्टराई प्रसाईले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, आर्थिक विधेयक-२०८३ र विनियोजन विधेयक-२०८३ प्रस्तुत गरेकी थिइन् । त्यसपछि सार्वजनिक लेखा समिति, न्यायिक समिति, सामाजिक विकास समिति, राजस्व परामर्श समिति, विधायन समिति, अनुगमन समिति तथा सुशासन तथा स्थानीय सेवा समितिका प्रतिवेदन सभामा प्रस्तुत गरिएको थियो ।

नगरप्रमुख थापाले आगामी वर्ष नगरको विकासलाई पूर्वाधार निर्माणमा मात्र सीमित नराखी शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सरसफाइ, वातावरण संरक्षण, सुशासन र सेवा प्रवाहलाई समान प्राथमिकतामा राखिएको बताए । उनले सीमित स्रोत र बढ्दो नागरिक अपेक्षाबीच योजनाको प्रभावकारिता र गुणस्तरलाई केन्द्रमा राखेर बजेट कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गरे । नगरसभामा प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलाले प्रशासनिक प्रतिवेदन प्रस्तुत गर्दै चालु आर्थिक वर्षका कार्यक्रमको प्रगति, कर्मचारी व्यवस्थापन, बेरूजु फछ्र्योट तथा आगामी वर्षका प्रशासनिक सुधारका योजनाबारे जानकारी गराएका थिए ।

बाँकी ४ पेजमा ▸▸

## योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान

**दमक/** दमक नगरपालिकाको १९औं नगरसभाले खेलकुद र शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने खेलाडी तथा अवकाशप्राप्त शिक्षकहरूलाई सम्मान गर्दै उनीहरूको योगदानको उच्च मूल्यांकन गरेको छ । राष्ट्रियस्तरमा उत्कृष्ट प्रदर्शन गर्ने सात जना खेलाडीलाई नगद पुरस्कारसहित सम्मान गरिएको हो भने विभिन्न सामुदायिक विद्यालयबाट अनिवार्य अवकाश प्राप्त १४ जना शिक्षकलाई सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको छ ।

नगरपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा दमकको पहिचान स्थापित गर्ने खेलाडीलाई प्रोत्साहनस्वरूप नगद पुरस्कार प्रदान गरेको जनाएको छ । सम्मानित हुनेमध्ये दमक-९ की कृतिसरा अधिकारी र दमक-४ की पूजा भण्डारीले ११औं राष्ट्रिय महिला चेस च्याम्पियनसिप-२०२६ मा प्रथम स्थान हासिल गरेबापत जनही ११ हजार रूपैयाँ प्राप्त गरे । त्यसैगरी दमक-३ की प्रनिशा नेपालले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८३ मा करातेतर्फ प्रथम स्थान हासिल गरेपछि ११ हजार रूपैयाँ पुरस्कार पाइन् । दमक-५ की रेशिका धिमालले सोही प्रतियोगिताको तेक्वान्दोतर्फ तृतीय स्थान हासिल गरेबापत ७ हजार रूपैयाँ प्राप्त गरिन् ।

एथलेटिक्सतर्फ दमक-२ का सरोज सिंहले चौथो राष्ट्रिय लेस रन प्रतियोगिता-२०२६ (सिनियर) मा प्रथम स्थान हासिल गरेपछि ११ हजार रूपैयाँ र दमक-१ का सनम आङ्देम्बेले सोही

बाँकी ४ पेजमा ▸▸

# १ हजार ४४१ सुकुम्बासी परिवारले बुझे राहत

**दमक/** उपत्यकाभित्र र बाहिरका विभिन्न होल्डिङ सेन्टरमा रहेका १ हजार ४४१ सुकुम्बासी परिवारले स्वव्यवस्थापनको रकम बुझेका छन् । उक्त रकम बुझ्न असार १९ गते शुक्रबारसम्म निवेदन दिन भनिए पनि छुटपुट भएकाहरूलाई थप दुई दिन समय दिइएको अधिकार सम्पन्न बागमती सम्यता एकीकृत विकास समितिका आयोजना निर्देशक मचाकाजी महर्जनले जानकारी दिए ।

उनका अनुसार शुक्रबार सम्म आधाले पनि निवेदन नदिएपछि शनिबार सूचना जारी गरेर म्याद थपिएको हो । '२२ गते साँझसम्म निवेदन दिएकाहरूले २४ गतेसम्म भुक्तानी लिन पाउँछन्,' उनले भने, निवेदन नदिनेहरूले पैसा पाउँदैनन् ।'

भौतिक पूर्वधार मन्त्रालयले सुकुम्बासीलाई वितरण गर्न करिब १८ करोड रूपैयाँ बजेट छुट्याएको छ । त्यसमध्ये आइतबार साँझसम्म ३ करोड ५५ लाख ७५ हजार मात्र खर्च भएको छ ।

मन्त्रालयले सुकुम्बासीहरुलाई स्वव्यवस्थापनको राहत रकम वितरण गर्ने जिम्मा बागमती सभ्यता आयोजनालाई दिएको छ । त्यसै अनुसार प्रत्येक होल्डिङ सेन्टरमा असार ८ गते पहिलो पटक सूचना टाँसिएको थियो ।

उक्त सूचनामा पाँच दिनको समय तोकिएको भए पनि पछि एक साता थपेर असार १९ गतेसम्म म्याद दिएको उनी बताउँछन् । बैंक खाता नहुनेहरूका हकमा खाता खोलिदिन हामी होल्डिङ सेन्टरमै पुगेका थियौं,' उनले भने, कतिले खोल्नुभयो, कतिले मान्नुभएन ।

सरकारले सुकुम्बासीहरूलाई सुरुमा स्वव्यवस्थापनका लागि २५ हजार रूपैयाँ र सुकुम्बासी प्रमाणित भए केही महिनासम्म मासिक १५ हजार रूपैयाँ दिने निर्णय गरेको छ । त्यही निर्णय अनुसार रकम बुझेर होल्डिङ सेन्टर खाली गर्न भनिएको उनको भनाइ छ ।

विभिन्न होल्डिङ सेन्टरमा बसिरहेका ३८८ परिवारमध्ये २५८ परिवारले रकम बुझिसकेका छन् । यसबाहेक बाहिर बसेका तर नाम दर्ता गरेका १ हजार १८३ परिवारले पनि रकम बुझेका छन् । निवेदन दिइसकेका १९६ परिवारको

बाँकी ४ पेजमा ▸▸

## थप २४८ ले पाए बचत फिर्ता

**दमक/** समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले शिव शिखर सहकारीका थप २४८ जना साना बचतकर्तालाई बचत रकम फिर्ता गरेको छ। समितिका अनुसार हालसम्म शिव शिखर सहकारीका कुल १,११७ जना बचतकर्ताले आफ्नो रकम फिर्ता पाइसकेका छन्। पहिलो चरणमा न्यून बचत भएका बचतकर्तालाई प्राथमिकताका साथ रकम फिर्ता गरिएको समितिले जनाएको छ।

समितिले आगामी दिनमा बचत रकमका आधारमा बचतकर्ताको वर्गीकरण गरी क्रमशः रकम फिर्ता गर्ने जनाएको छ।

## मलद्वारमा लागूऔषध

**दमक/** झापाको भद्रपुरस्थित मेची पुलमा एकै दिन दुई जना व्यक्तिले मलद्वारभित्र ब्राउन सुगर लुकाएर नेपाल भित्र्याउने प्रयास गर्दा प्रहरीको फन्दामा परेका छन् ।

पहिलो घटनामा स्कुटी चालक चन्द्रप्रसाद राजवंशी र दोस्रो घटनामा पैदल यात्री रोहित कुमाल पक्राउ परेका हुन् । दुवैको शरीरभित्र प्लास्टिकमा प्याक गरिएको ब्राउन सुगर फेला परेको जिल्ला प्रहरी कार्यलय झापाले जनाएको छ ।

आइतबार उनीहरूले मलद्वारमा हालेर लागुऔषध भित्र्याउँदै गर्दा प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता रन्जन अवाले बताए ।

## कमलमा सार्वजनिक सुनुवाई

**दमक/** कमल गाउँपालिकाले सार्वजतिक सुनुवाई कार्यक्रम मार्फत पालिकाको आर्थिक र भौतिक अवस्था स्थानीयमाझ पुर्‍याएको छ । स्थानीय सरकारको सेवा प्रवाहलाई थप पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउने उद्देश्यले आयोजित कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी तथा स्थानीय सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष हुकुम सिंह राई, उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी तथा प्रमुख प्रशासकीय अधिकृत केशवकुमार ढकाल लगायतले गाउँपालिकाले सञ्चालन गरेका विकास निर्माणका काम, सेवा प्रवाह, बजेट कार्यान्वयन तथा आगामी योजनाबारे जानकारी गराउँदै सहभागीहरूले उठाएका प्रश्नको जवाफ दिएका थिए ।

सार्वजनिक सुनुवाइका क्रममा सहभागीहरूले शिक्षा, स्वास्थ्य, रोजगार, कृषि, सडक तथा पूर्वाधार विकास, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा,

बाँकी ४ पेजमा ▸▸

## झापामा गृहमन्त्रीको सीमा सुरक्षादेखि हात्ती समस्यासम्म अनुगमन

**झापा/** गृहमन्त्री सुदन गुरूङले सीमा सुरक्षा, सीमावर्ती क्षेत्रका नागरिकका समस्या तथा जङ्गली हात्तीबाट प्रभावित क्षेत्रको अवस्था बुझ्न झापाको स्थलगत भ्रमण गरेका छन् ।



भ्रमणका क्रममा उनले जिल्लाको सुरक्षा समितिका पदाधिकारीसँग समग्र सुरक्षा अवस्था, सीमा व्यवस्थापन, तस्करी नियन्त्रण, लागुऔषध ओसारपसार, मानव बेचबिखनलगायत विषयमा छलफल गरेका छन् । उनले सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन सुरक्षा निकायलाई आवश्यक निर्देशनसमेत

बाँकी ४ पेजमा ▸▸

## झापाका कुखुरा फार्मका लागि क्षतिपूर्ति प्रक्रियामा

**दमक/** गत चैत-वैशाखमा फैलिएको बर्डफ्लु संक्रमणबाट झापाका चार व्यावसायिक कुखुरा फार्ममा करिब २ करोड ९२ लाख रुपैयाँ बराबरको क्षति भएको छ। प्रभावित किसानलाई सरकारले निर्धारण गरेको मापदण्डअनुसार क्षतिको ७५ प्रतिशतसम्म क्षतिपूर्ति उपलब्ध गराउने प्रक्रिया अघि बढाइएको छ। पशु सेवा विज्ञ केन्द्र झापाका अनुसार संक्रमण नियन्त्रणका लागि दमक-१० का दमक एग्रिकल्चर फार्म, दमक कृषि फार्म, कमल-५ को एक

बाँकी ४ पेजमा ▸▸

## ट्रेड युनियनका भवन खाली गर्न निर्देशन

दमक । भूमि व्यवस्था, सहकारी तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरकारी जग्गामा निर्माण गरी प्रयोग हुँदै आएका निजामती कर्मचारी ट्रेड युनियन तथा संगठनका भवन तथा संरचना तीन दिनभित्र खाली गर्न निर्देशन दिएको छ।

मन्त्रालयले ट्रेड युनियनसम्बन्धी व्यवस्था खारेज भई सम्बन्धित संगठनको दर्तासमेत रद्द भइसकेकाले सरकारी जग्गा प्रयोगको कानुनी आधार समाप्त भएको जनाएको छ। सूचनाअनुसार तोकिएको अवधिभित्र भवन, कागजात र सम्पत्तिको जिम्मेवारी मन्त्रालयलाई बुझाउनुपर्नेछ।

निर्धारित समयभित्र संरचना खाली नगरे प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले चेतावनी दिएको छ।


**Caritas NEPAL**

***Publishing Data: 6th July 2026***

### EXPRESSION OF INTEREST (EOI)

Caritas Nepal is a national non-profit organization dedicated to improving the lives of marginalized and vulnerable communities. Caritas Nepal invites Expressions of Interest (EOI) from qualified and experienced individual consultants, consulting firms, or organizations to develop the following documents for **Jhapa Rural Municipality, Jhapa:**

- **Safe Migration and Resilient Livelihood Procedure**
- **Safe Migration Emergency Fund Management and Operation Guideline**

**OBJECTIVE:**
The objective of this assignment is to support Jhapa Rural Municipality in establishing institutional mechanisms that promote safe, orderly, dignified, and regular labour migration, facilitate the sustainable reintegration of returnee migrants and survivors of trafficking, and strengthen resilient livelihood opportunities at the local level.

Interested individual consultants, consulting firms, or organizations are requested to submit their Expression of Interest (EOI) either electronically or in a sealed proposal. The application must reach the Caritas Nepal Provincial Office, Damak, Jhapa, no later than **24 July 2026, 3:00 PM.**

**Submission Email:** pradip@caritas.org.np

For detailed information and the Terms of Reference (ToR), interested applicants may visit the Caritas Nepal Provincial Office, Damak, Jhapa, contact us at **9801318332**, or request the ToR via email at **himalaya@caritas.org.np**.

**Shankar Kumar Paudyal**
Provincial Manager
Caritas Nepal, Damak

## सम्पादकीय

# सरकारलाई झापाली जनताको प्रश्न

इतिहासमै सबैभन्दा ठूलो बजेट ल्याएको दाबी गर्ने वर्तमान सरकारले देशकै प्रमुख राजनीतिक केन्द्रमध्ये एक रहेको झापा जिल्लाको पूर्वाधार बजेटमा गरेको भारी कटौतीमाथि झापाली जनताले गम्भीर प्रश्न उठाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वको सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि झापाको पूर्वाधारमा ६ अर्ब ६८ करोड रूपैयाँ मात्र विनियोजन गरेको छ, जुन चालु आर्थिक वर्षको तुलनामा झन्डै आधा (५ अर्ब ७० करोड रूपैयाँ) ले कम हो। प्रधानमन्त्रीकै निर्वाचन जिल्लामा भएको यो बजेट संकुचनले विकास निर्माणमा राजनीतिक पूर्वाग्रह र प्रतिशोधको छाया परेको त होइन भन्ने आशंकालाई बल पुर्‍याएको छ ।

विगतमा शक्तिमा रहेका नेताहरुले आफ्ना क्षेत्रमा बजेट केन्द्रित गर्ने र सत्ता फेरिएसँगै ती योजनालाई अलपत्र पार्ने महारोग नेपाली राजनीतिमा पुरानै हो । गत वर्ष एमाले नेतृत्वको सरकार हुँदा झापामा पूर्वाधार बजेटको बाढी आउनु र यसपटक नेतृत्व बदलिँदा निर्माणाधीन ठूला सडक तथा पुल आयोजनासमेत ओझेलमा पर्नु यसैको निरन्तरता हो । मदन भण्डारी राजमार्ग, दमक बसपार्क, भद्रपुर चक्रपथ जस्ता दर्जनौं गौरवका आयोजनामा 'बजेटको प्राण मात्र जोगाउने' गरी न्यून रकम छर्नु राष्ट्रिय स्रोतको सरासर दुरूपयोग र विकासमाथिको खेलबाड हो । मुख्य चासोः विकास आयोजनाहरु कुनै दल वा नेताका पेवा होइनन्, ती राज्य र नागरिकका साझा सम्पत्ति हुन् । नेतृत्व परिवर्तन हुनासाथ राष्ट्रिय प्राथमिकताका योजनाको बजेट काट्नु अदूरदर्शिताको पराकाष्ठा हो ।

अर्कोतर्फ, संघीयताको मर्मविपरीत स्थानीय तहलाई दिइने अन्तर सरकारी वित्तीय हस्तान्तरणमा समेत संकुचन ल्याइएको छ। झापाका १५ पालिकाहरुले पाएको ७ अर्ब २२ करोड रूपैयाँ अनुदानको ठूलो हिस्सा प्रशासनिक खर्च र सशर्त शीर्षकमा सीमित छ । स्थानीय आवश्यकता सम्बोधन गर्ने समपूरक र विशेष अनुदान न्यून हुँदा स्थानीय सरकारहरु नयाँ विकास योजना सुरू गर्नै नसक्ने गरी निरीह बनेका छन् । संघीय र प्रदेश सरकारले स्थानीय तहसँग समन्वय नगरी योजना छनोट गर्ने, एउटै क्षेत्रमा दोहोरो आयोजना पार्ने र स्थानीय आवश्यकतालाई लत्याउने प्रवृत्ति अझै कायम रहनु खेदजनक छ ।

बजेटको आकार ठूलो देखाएर मात्र हुँदैन, त्यसले नागरिकको जीवनस्तर र क्षेत्रीय विकासमा कस्तो प्रभाव पार्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । शक्तिमा पुगेकाहरुले आफ्ना जिल्लामा बजेट थुपार्ने र विपक्षीको क्षेत्रलाई सुकाउने परिपाटीले असन्तुलन र आक्रोश मात्र बढाउँछ । सरकारले राजनीतिक आग्रह-पूर्वाग्रहभन्दा माथि उठेर, अधुरा राष्ट्रिय आयोजनाहरुलाई पूर्णता दिन र स्थानीय सरकारलाई थप वित्तीय स्वायत्तता प्रदान गर्न आवश्यक बजेट पुनरावलोकन गर्नैपर्छ । अन्यथा, ठूलो बजेट नारामै सीमित हुनेछ र विकासको गति ठप्प बन्नेछ ।

# सरकारका सय दिनका उपलब्धी र अपेक्षा



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

रास्वपा सरकारका एक सय दिनका उपलब्धिहरुलाई हेर्दा नेपाली जनताको मनमा नयाँ आशावाद पलाएको छ। प्रधानमन्त्रीको कुर्सीमा निरन्तर आलो पालो गरी बसि रहने के पी ओलीलाई पछारेर बालुवाटार छिर्नु वालेन्द्र शाहको लागि पक्कै पनि भने जस्तो सहज थिएन ।

आफ्नो पार्टीको प्राथमिकतामा पहिलो नम्बरमा छनौटमा पर्नु काठमाडौंका मधेशीया छोराको लागि कम्ती रोमाञ्चपूर्ण राजनीति थिएन । जनताको पहिलो छनौट र रोजाइमा पर्नु देशको इतिहास र राजनीतिको धार बदल्ने घटनाको साक्षीको रूपमा पनि वालेन्द्र शाहको एकमना सरकारको पहिलो एक सय दिनको कार्यकाललाई लिन सकिन्छ ।

जेन्जी आन्दोलनकर्ता माथि गोली चलाउने आदेश दिनेलाई कानुनको कठघरामामा उभ्याउने र सजाय दिलाउन पूर्व प्रधानमन्त्री तथा अन्य समेतलाई गिरफ्तार गरी कारबाहीका लागि अदालतको ढोका सम्म पुऱ्याउने कार्यले देशमा कानुनी राज्यको अनिवार्यतालाई पुष्टि गरी सकेको छ ।

नेपालमा बहुदलीय लोकतन्त्र बहाली भएपछि प्रधानमन्त्री सम्मलाई पनि थुन्ने र जेल पठाउन सक्ने कार्य गराउन लगाई सरकारले देशका जनतालाई आश्वस्त गराउन पनि तम्तयार देखिएको कार्यलाई उपलब्धिपूर्ण नै मान्न सकिन्छ । भ्रष्टाचारमा कथित रूपमा संलग्न उच्च पदस्थ कर्मचारी तथा मन्त्रीहरूलाई समेत कानुनी दायरामा ल्याउन सरकारले कटिबद्ध रहेको घटनाक्रमहरुले देखाउन थालेको छ। भारत र नेपाल बीचको सम्बन्धलाई अझ मजबुत बनाउनका लागि दुई देशहरू बीच रहेको सीमा विवादलाई दुईपक्षीय रुपमा समाधान गर्न दुवै देशलाई सहमत गराउने प्रयास पनि प्रशंसनीय नै मान्न सकिन्छ ।

निकट भविष्यमै नेपाली प्रधानमन्त्री र भारतीय प्रधानमन्त्रीबीच भेटघाट हुने सम्भावना पनि बढ्दै गएकोले लिम्पियाधुरा, कालापानी र लिपुलेक सम्बन्धी विवादहरू पनि साम्य हुने अपेक्षा गर्न सकिन्छ। सरकारले विद्यालय तथा विश्वविद्यालयमा गुणस्तरीय पढाइको लागि तथा शिक्षाको अवस्थामा सुधार गर्नको लागि प्रक्रियागत सुधारहरू लाई पनि अगाडि बढाइरहेको देखिन्छ। देशका सरकारी कार्यालयहरू तथा संघसंस्थाहरूलाई दुई दिन बिदा गराएर पनि इन्धन जोगाउने रणनीतिबाट सरकारलाई र जनतालाई केही राहतको अनुभूति भइरहेको छ।

भारत र नेपालबीचका सिमा नाकाहरूमा भइरहेको चोरी पैठारी र अवैध कारोबार गर्नेहरूलाई नियन्त्रण गर्नको लागि सरकारले निरन्तर प्रयासहरू गरिरहेको देखिन्छ। गृहमन्त्री सुदन गुरुङको प्रयासले देशको प्रशासनतन्त्रमा सुधार आएको र कर्मचारीतन्त्रमा सक्रियता बढ्दै गइरहेको छर्लङ्ग देख्न सकिन्छ। प्रहरी प्रशासनकै सेटिङमा पनि सिमानाकाहरूमा अवैध व्यापार फस्टाइरहेको गुनासाहरु जनस्तरबाट नै उठ्न थाले पछि गृहमन्त्री आफै पनि खटिएर सिमानाका क्षेत्रहरूमा दौडाहा गरिरहनु भएको खबरहरू छापाहरूमा आइरहेको छ।

राज्य संयन्त्र र देशको प्रशासनिक संरचनाहरूमा व्यापक हेरफेर गरी सुधार ल्याउने प्रयासहरू निरन्तर रुपमा भइरहेको छ। निजामती सेवाका कर्मचारीहरूलाई पन्ध्र पन्ध्र दिनमा तलब दिने निर्णय पनि सरकारको साहसिक र स्वागत योग्य निर्णय रहेको छ। किसानहरूलाई खेतीपाती गर्न र कृषि क्षेत्रको उत्पादकता बढाउनका लागि मल बिउको वितरण गर्न आवश्यक प्रबन्धहरु पनि मिलाइदै छ। देशको सन्तुलित विकास गर्नको लागि सरकारले आवश्यक बजेटको प्रबन्धन गर्न नसके पनि प्रस्तावित बजेटलाई मितव्ययिता पूर्ण ढंगले व्यवस्थापन गर्नको लागि सरकारले भरमगदुर प्रयास गरिरहेको छ।

संविधान संशोधन गरी संविधानभित्र रहेका कमी कमजोरीलाई हटाई प्रगतिशील संवैधानिक संरचनाहरू निर्माण गर्न सरकारले संशोधनका प्रस्तावहरूलाई संसदमा पठाउने तयारी गरिरहेको छ। संघीयताको सवालमा देशको राजनीतिले कोल्टो फेर्ने र नयाँ राजनीतिक तरङ्ग उत्पन्न हुने सम्भावना बढ्दै गइरहेको छ। संघीयताका संस्थापन पक्ष भनिएका मधेशवादी केन्द्रीय राजनीतिक शक्ति र अन्य प्रगतिशील राजनीतिक दलहरूमा सरकारले प्रस्ताव गरेको संविधान संशोधनका प्रस्तावहरूमा प्रदेश संरचना खारेज गर्ने लगायतका मुद्दाहरू अत्यन्त संवेदनशील मुद्दाको रूपमा उठाउन थालिएको छ।

देशको बहुमत प्राप्त दल र सरकारले संविधान संशोधनको मुद्दामा संघीयतालाई खारेज गरेपछि देशलाई ठूलो आर्थिक नोक्सानीबाट जोगाउन सकिन्छ भन्ने कुराहरू सरकारबाट उठान भइरहेको छ। सरकारले काठमाडौँमा महिलाहरु मात्र चढ्ने बसमा सुविधाजनक ढंगले घुमफिर गर्न तथा अफिस र कार्यालय धाउन निःशुल्क बसको व्यवस्था पनि गरेको छ। महिलाहरूको लागि निःशुल्क यातायातको व्यवस्था गर्नु आफैमा पनि प्रशंसानीय कार्य भएपनि सरकारले उक्त सुविधालाई देशव्यापी रुपमा गर्नुपर्ने र देशैभरिका महिला हरूको हकमा निर्णय लिनुपर्ने अपेक्षा गर्न सकिन्छ। सरकारले देशका पूर्व राष्ट्रपति तथा प्रधानमन्त्रीहरु लाई राज्यले प्रदान गर्दै आएको कतिपय सेवा सुविधाहरूमा व्यापक कटौती गर्ने कार्यहरू पनि भइरहेको छ। यस्तो कार्यबाट अनावश्यक क्षेत्रहरूमा राज्यले व्योहोर्दै आइरहेको खर्चलाई पनि नियन्त्रण गर्न सकिन्छ।

विद्यालय तथा विश्वविद्यालयहरू लाई राजनीतिको अखाडा बनाउन नदिनका लागि सरकारले राजनीतिक रुपले स्कुल क्याम्पस तथा विश्वविद्यालयहरूमा सञ्चालनमा रहँदै आएको राजनीतिक दलहरूको भातृ संस्था तथा संगठनहरूलाई खारेज गर्ने निर्णय पनि सरकारको साहसिक निर्णयको रुपमा नै रहेको छ। विद्याको मन्दिरलाई राजनीतिको प्रशिक्षण केन्द्र र शरणस्थलीको रूपमा लामो समयदेखि प्रयोग गरिँदै आएकोले त्यसले शिक्षा क्षेत्रलाई नकारात्मक रुपमा असर पार्दै गइरहेको परिप्रेक्षमा सरकारले गरेको उक्त निर्णय अत्यन्त नै सराहनीय तथा सान्दर्भिक मान्न सकिन्छ। त्यस्तै देशैभरि रहेका सरकारी कार्यालयहरू तथा संघ संस्थाहरूमा व्यापक रूपमा हुँदै आएको आएको राजनीतिकरणलाई समाप्त पार्नको लागि सबै किसिमका राजनीतिक प्रेरित कर्मचारी संगठनहरूलाई तथा ट्रेड युनियनहरूलाई समेत बन्द गराउने निर्णयलाई सरकारको एउटा असल निर्णयको रुपमा लिन सकिन्छ।

देशैभरि भ्रष्टाचारलाई मलजल गर्दै जाने र राजनीतिमा स्थापित हुँदै जाने स्वार्थी तत्वहरू अहिलेको वर्तमान राजनीतिक परिदृश्यबाट हराउन थालेका छन्, यो नेपाल जस्तो जटिल भूराजनीति भएको देशको लागि अत्यन्तै नै सकारात्मक पक्ष हो। राज्यले आफ्नो नीति निर्माण गर्दा देशभित्र समावेशीकरण ,पारदर्शिता, सामाजिक न्याय सहितको सुशासन र समृद्धि हासिल गर्दै जाने प्रतिबद्धता जनाए अनुरूप नै कार्य गर्दै जाने हो भने देशले छोटो समयमा नै आर्थिक छलाङ लगाउन सक्ने अपेक्षा गर्न सकिन्छ। देशका जनताले पाउन नसकेका गुणस्तरीय जीवन स्तरका विविध पक्षहरु बारे सरकारले निरन्तर रूपमा प्रयासरत रहनु जरुरी छ।

देशभित्रका युवा शक्तिहरूलाई बढीभन्दा बढी रोजगारीको खाँचो छ। रोजगारी प्रवर्धन गर्नको लागि सरकारले हरेक किसिमबाट प्रयत्नहरू जारी राख्नुपर्दछ। देशलाई सूचना प्रविधिको स्वर्ग बनाउने सरकारको परिकल्पना र संकल्पना लाई युवाहरूले अत्यन्त नै उत्साहित भएर प्रतिक्षा गरिरहेका छन् । नेपालको पारिस्थितिकीय भूप्रणाली, हावापानी, जलवायु, संस्कृति, र सभ्यताहरूसँग जोडेर देशको अर्थतन्त्र र प्रविधिलाई जोड्ने कार्य अगाडि बढाउन सकियो भने देशको समुन्नति र विकास गर्नको लागि जनताले धेरै लामो समय पर्खिनु पर्दैन तथा सरकारले पनि आफ्नो सक्षमता प्रमाणित गर्नुपर्दैन। काग कराउँदै जानु र पिना सुक्दै जानु बीचको तारतम्य लाई सरकारले बुझ्नु जरुरी छ।

अब आउने दिनहरूमा सरकारले राज्य सञ्चालन गर्दा अझ राम्रो र असल कार्यहरू हुँदै जाने अपेक्षा गरिए पनि भुँइ तहका जनताको हितकालागी सरकारलाई घचघच्याई रहने कुरामा देशको सार्वभौम संसदले हेक्का राख्नु जरुरी छ।

# जैविक विविधता संरक्षण आजको आवश्यकता

डा. केदार कार्की

पृथ्वीमा रहेका वनस्पति, जनावर, चराचुरुङ्गी, सूक्ष्मजीव तथा प्राकृतिक स्रोतहरूको विविधतालाई जैविक विविधता भनिन्छ । मानव जीवनदेखि वातावरणीय सन्तुलनसम्म जैविक विविधताको महत्वपूर्ण भूमिका रहने भएकाले यसको संरक्षण आज विश्वकै प्रमुख चासोको विषय बनेको छ । जैविक विविधताले पृथ्वीमा जीवन प्रणालीलाई सन्तुलित बनाइराख्न मद्दत गर्दछ । खाद्य उत्पादन, औषधीय स्रोत, स्वच्छ हावा, पानी तथा माटोको उर्वराशक्ति जोगाउन जैविक विविधताको प्रत्यक्ष योगदान रहने विज्ञहरू बताउँछन् । प्रकृतिमा रहेका विभिन्न जीव तथा वनस्पतिबीचको अन्तरसम्बन्धले नै वातावरणलाई सन्तुलित बनाइराखेको हुन्छ ।

पछिल्लो समय वन फँडानी, अव्यवस्थित विकास निर्माण, बढ्दो प्रदूषण, जलवायु परिवर्तन तथा प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण जैविक विविधतामा नकारात्मक असर परेको छ । कतिपय दुर्लभ वनस्पति तथा वन्यजन्तु लोप हुने अवस्थामा पुगेका छन् भने केही प्रजाति पूर्ण रूपमा हराइसकेका छन् । यसले वातावरणीय संकट थप बढाउँदै लगेको सरोकारवालाहरूको भनाइ छ ।



विशेषगरी हिमाली तथा पहाडी क्षेत्रमा जलवायु परिवर्तनको प्रभावका कारण प्राकृतिक बासस्थानमा परिवर्तन आएको छ । तापक्रम वृद्धि र अनियमित वर्षाका कारण कृषि उत्पादनमा समेत असर देखिन थालेको छ । जैविक विविधता घट्दै जाँदा खाद्य सुरक्षा, मानव स्वास्थ्य तथा आर्थिक गतिविधिमा समेत प्रत्यक्ष असर पर्ने विज्ञहरूले चेतावनी दिएका छन् ।

विशेषज्ञहरूका अनुसार जैविक विविधता संरक्षणका लागि वन तथा जलस्रोतको दिगो व्यवस्थापन, वातावरणमैत्री विकास नीति, रासायनिक विषादीको न्यून प्रयोग र जनचेतनामूलक कार्यक्रम सञ्चालन आवश्यक छ । स्थानीय समुदायको सहभागितामा संरक्षण अभियानलाई प्रभावकारी बनाउन सके मात्र प्राकृतिक सम्पदाको दीर्घकालीन संरक्षण सम्भव हुने उनीहरूको भनाइ छ ।

प्रकृतिसँग सन्तुलित जीवनशैली अपनाउँदै जैविक विविधताको संरक्षण गर्न सके भावी पुस्ताले पनि स्वच्छ वातावरण र प्राकृतिक स्रोतको उपयोग गर्न पाउने विश्वास गरिएको छ ।














## धर्म र पर्यटनलाई जोड्दै
# खोटाङको मझुवागढी



**खोटाङ /** पछिल्लो समय खोटाङको मझुवागढी धर्म र पर्यटनलाई जोड्दै पर्यटकीय धार्मिक स्थल बनेको छ । मनले चिताएको पुग्ने विश्वासका साथ मन्दिरमा दिक्तेलका साथै टाढाटाढाबाट भाकलसहित पूजाआजाका लागि भक्तजन हलेसी आउने गरेका छन् । कालिका भगवती मन्दिरमा पूजा गर्ने विधि र प्रक्रियामा विभिन्न मौलिकता रहेका छन् ।

खोटाङको जिल्ला सदरमुकाम दिक्तेल बजारस्थित हाटडाँडाबाट सिढींहरु चढ्दै करिब ४५ मिनेट उकालो पार गरेपछि पुगिन्छ मझुवागढी । प्राकृतिक सुन्दरतासँगै कालिका भगवती मन्दिर, बुधेश्वर महादेव मन्दिर (गुफा), किरातीहरूको ऐतिहासिकस्थल जस्ता ऐतिहासिक एवं धार्मिक महत्वका स्थलहरूले यहाँको महिमा र गरिमालाई अझै उचो बनाएका छन् ।

पैदलयात्रा गरी माथि पुगिसकेपछि भने हरियालीयुक्त भूगोलसँगै तीर्थस्थलका साथै यहाँबाट देखिने दिक्तेल बजारसहित वरपरको रमणीय दृश्यले जोकोहीलाई मोहित गराउँछ । पछिल्लो समयमा व्यवस्थित गर्दै लगिएका पूर्वाधारले पनि गढीसम्मको यात्रालाई थप व्यवस्थित बनाएको बुधेश्वर महादेव मन्दिरका पुजारी नवराज घिमिरेले बताए । उनका अनुसार यो क्षेत्र धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको छ ।

विशेष गरी बालाचतुर्दशी, रामनवमी, शिवरात्रि, हरिबोधनी एकदशी, हरितालिका तीज लगायतका महत्वपूर्ण तिथिमिति र चाडपर्वमा यस क्षेत्रमा दर्शनार्थीहरूको ठुलो घुइँचो लाग्ने गरेको उनले बताए। उनका अनुसार हलेसी महादेव मन्दिर आउने अधिकांश दर्शनार्थी दिक्तेलमा आएर यहाँस्थित कालिका भगवती, बुधेश्वर महादेवको दर्शन तथा पूजाआजा गरेर फर्कने गरेका छन् ।

पुजारी घिमिरेका अनुसार दिक्तेल बजारको हाटडाँडा हुँदै माथि उकालो चढेपछि सुरुमा बुधेश्वर महादेव मन्दिर(गुफा) आउँछ । करिब ३० मिटर लामो यस गुफाभित्र विभिन्न देवीदेवताका प्रकृतिले कुँदिएका तस्बिर जस्ता आकृतिहरु अवलोकन गर्न सकिन्छ । गुफाभित्र ठूलै सत्त्यामा चमेराहरु पनि छन् ।

गुफाबाट केही माथि उक्लेपछि कालिका भगवतीको मन्दिर आउँछ । घिमिरेका अनुसार स्थानीय रणविर राई र वीरन्ची आचार्यले सपनामा यहाँ मन्दिर भएको देखेका थिए । उनीहरूलाई सामु कटुवाल भन्ने व्यक्तिले यो स्थान खोज्न सघाएको भन्ने किम्बदन्ती रहेको उनले जानकारी दिए ।

"कालिका भगवतीमा गरिने बलीपूजाका लागि २७ दिनदेखि तीन महिनाभित्रको पाठी मात्र प्रयोग गर्ने प्रचलन छ", पुजारी घिमिरेले भने, "बलि दिइएको पाठीको रगत नौ वर्षभन्दा माथिका महिलाले टेक्न नहुने र प्रसादका रूपमा पनि ग्रहण गर्न नहुने परम्परा छ ।"

बलि दिइएको पाठीको मासु घरमा लैजान नहुने बताउँदै उनले पश्चिममा काँडे ओढार, दक्षिणमा गढी डाँडा, पूर्वमा सरने ओढार र उत्तरमा हाट डाँडाभित्र मात्रै पकाएर खानुपर्छ भन्ने प्रचलन रहेको जानकारी दिए । बलि दिइएको पाठीको मासु उक्त चार किल्लाभित्र खाएर नसकेकमा त्यही नै व्यवस्थापन गर्नुपर्ने तर घर लैजान नहुने परम्परा रहेको उनले बताए ।

यहाँस्थित कालिका भगवती मन्दिरमा आचार्य थरका र बुधेश्वर महादेव मन्दिरमा घिमिरे थरका व्यक्तिहरूले पूजाआजा गर्दै आएका छन् ।

वि.सं. १६६३ देखि बुधेश्वर मन्दिरमा आफूहरूले विगत आठ पुस्तादेखि निरन्तर पूजाआजा गर्दै आएको घिमिरेले जानकारी दिए । कालिका भगवती मन्दिरको केहीमाथि वनभोजस्थल छ । विशेष गरी वनभोजको याममा यहाँ ठूलै सत्त्यामा समूहसमूहमा मिलेर सर्वसाधारण बनभोजका लागि आउँछन्, उनले भने ।

पछिल्लो समयमा यो क्षेत्र धार्मिक पर्यटनको आकर्षक गन्तव्य बनिरहेको कालिका भगवती मन्दिरका पुजारी युवराज आचार्यले बताए । विशेष तिथिमितिका साथै पर्व विशेषमा मन्दिरमा ठुलै भिडभाड हुने गरेको जनाउँदै उनले मन्दिरमा एकैदिनमा ११३ वटा पाठी बलि दिइएको तथ्यांक रहेको उल्लेख गरे ।

पछिल्ला वर्षमा विभिन्न सेवा, पेसा र व्यवसायमा रहेका व्यक्तिसँगै विभिन्न उमेर समूहका व्यक्तिहरूको रोजाइमा मझुवागढी क्षेत्र पर्ने गरेको अर्का स्थानीयवासी भानुभक्त आचार्यले बताए। यस क्षेत्रको प्रचारप्रसार गर्दै धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्नुपर्ने उनको भनाइ छ ।

मझुवागढीको प्रवर्द्धन र विकाससँगै यहाँको सौन्दर्यीकरणका लागि पछिल्ला वर्षमा संघ, प्रदेश तथा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले लगानी बढाइरहेका छन् । मझुवागढीलाई सांस्कृतिक विविधतामा आधारित विशिष्ट पर्यटकीय गन्तव्य बनाउने लक्ष्यका साथ यहाँ विभिन्न मूर्तिकारहरूले तयार गर्नुभएका मूर्तिहरु राख्ने तयारीसमेत गरिएको छ ।

रमणीय वन जंगलसँगै गुराँस फुल्ने याममा यो क्षेत्र अझै रमणीय देखिने गरेको छ । जंगलको केही पर किरातीहरूको ऐतिहासिक मझुवागढी यहाँको अर्को आकर्षण हो । किराती राजा रणवीर राईले तत्कालीन समयमा राज्य सञ्चालन गर्दाका विभिन्न अवशेष यहाँ रहेको स्थानीयवासी बताउँछन् ।

**विश्वकप विशेष**

# ३–२ गोलले पराजित मेक्सिको विश्वकपबाट बाहिरियो



**दमक/** फिफा विश्वकपको नकआउट चरण (अन्तिम १६) को रोमाञ्चक र तनावपूर्ण खेलमा १० खेलाडीमा सीमित इङ्गल्यान्डले मेक्सिकोलाई ३–२ गोल अन्तर ले पराजित गर्दै क्वाटरफाइनलमा स्थान सुरक्षित गरेको छ । मेक्सिको सिटी स्टेडियममा भएको खेलको अन्तिम समयसम्म दुवै टोलीबीच कडा प्रतिस्पर्धा भएको थियो । खेलको पहिलो हाफ इङ्गल्यान्डको पक्षमा रह्यो । ३६औँ मिनेटमा बुकायो साकाको पासमा जुड बेलिङघमले गोल गर्दै टोलीलाई अग्रता दिलाए । त्यसको दुई मिनेटपछि नै (३८औँ मिनेटमा) कप्तान ह्यारी केनको पासमा बेलिङघमले व्यक्तिगत दोस्रो गोल गरेपछि इङ्गल्यान्ड २–० ले अघि बढेको थियो । तर, ४२औँ मिनेटमा मेक्सिकोका जे. क्विनोनेसले गोल गर्दै पहिलो हाफमा खेललाई २–१ को स्थितिमा ल्याए ।

दोस्रो हाफको ५४औँ मिनेटमा इङ्ल्यान्डका जे. क्वान्साले रातो कार्ड पाएपछि टोली १० खेलाडीमा सीमित भएको थियो । १० खेलाडीमा झरे पनि दबाबमा नआएको इङ्गल्यान्डले ६०औँ मिनेटमा पेनाल्टी पायो, जसलाई कप्तान ह्यारी केनले गोलमा परिणत गर्दै खेल ३–१ को स्थितिमा पुऱ्याए ।

खेलको ६९औँ मिनेटमा मेक्सिकोले पनि पेनाल्टीको अवसर पायो । आर. जिमेनेजले पेनाल्टीमार्फत गोल गर्दै खेललाई ३–२ को रोमाञ्चक मोडमा ल्याए । खेलको अन्तिम समयतिर मेक्सिकोले बराबरी गर्ने भरमग्दुर प्रयास गरे पनि इङ्गल्यान्डको रक्षापंक्तिले त्यसलाई असफल तुल्याउँदै जित सुनिश्चित गऱ्यो । दुई पेनाल्टी र एक रातोकार्डले यो खेल निकै उतारचढावपूर्ण बनेको थियो । अब क्वाटरफाइनलमा इंग्ल्यान्डले नर्वेसँग प्रतिस्पर्धा गर्नेछ । नर्वे गएराति ब्राजिललाई २–१ गोल अन्तरले हराउँदै अघिल्लो चरण प्रवेश गरेको हो ।

# सरकारले ब्यवसायीका समस्या सुन्नुपर्छ– *अध्यक्ष ढकाल*



**भद्रपुर/** झापा उद्योग संघको २७ औं वार्षिक साधारण सभा तथा अधिवेशन विविध कार्यक्रम सहित सम्पन्न गरिएको छ । संघको सभाहल भद्रपुरमा आयोजित साधारण सभा सार्क चेम्बर्स अफ कमर्सका अध्यक्ष चण्डीराज ढकालको प्रमुख आतिथ्य तथा कोशी प्रदेशका पूर्व मन्त्री ओमप्रकाश सरावगीको विशेष आतिथ्यमा सम्पन्न भएको हो ।

प्रमुख अतिथि ढकालले नेपालमा अहिले सत्ता परिवर्तन भएर युवाहरुको काँधमा सत्ता आएकोले उद्योगी व्यवसायीले नयाँ सरकारसँग धेरै अपेक्षा गरेको चर्चा गर्दै सो अनुरुप उपयुक्त नीति सरकारले ल्याउन नसकेको बताए । अहिले निजी क्षेत्रका उद्योगी व्यवसायी त्रसित रहेको चर्चा गर्दै सरकारले निजी क्षेत्रका उद्योग मैत्री निति र व्यवहार नगरेसम्म नेपालको अर्थतन्त्रको उत्थान नहुने जिकिर गरे ।

नेपाल चिया तथा कफि विकास बोर्डका उपाध्यक्ष आदित्य पराजुलीले अहिले नेपालका सबै उद्योग व्यवसाय अप्ठ्यारो अवस्थामा रहेको चर्चा गर्दै बैंकको व्याजदर घटेर मात्र हुँदैन उद्योग चलेमात्र समस्या समाधान हुने बताए ।

कार्यक्रममा भद्रपुर नगरप्रमुख गणेश पोखरेलले भद्रपुरको बन्द उद्योग मोमेन्टो एपेरल्सलाई पुन सञ्चालन गर्न सरकारले पनि सहजीकरण गर्नु पर्ने बताउँदै देशमा उद्योग धन्दा फस्टाए भने मात्र अर्थतन्त्र बलियो हुने धारणा राखेका थिए ।

प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले उद्योगलाई प्रशासनिक र सुरक्षाको लागि सदैव सहयोग गर्ने प्रतिबद्धता जनाए । झापा उद्योग तथा बाणिज्य संघका काबा अध्यक्ष राजकुमार राईले समेत शुभकामना दिएको कार्यक्रममा उद्योग संघका कोषाध्यक्ष प्रदिपकुमार सरावगीले कोषको विवरण प्रस्तुत गरेका थिए भने अध्यक्ष श्रेष्ठले आफ्नो कार्यकालमा गरेका काम र त्यसका उपलब्धिका बारेमा अडियो मार्फत जानकारी दिए ।

सो अवसरमा विभिन्न महानुभावहरुलाई सम्मान गरिएको थियो । सम्मानित हुनेमा सार्क चेम्वर्स अफ कमर्सका अध्यक्ष चण्डीराज ढकाल, नेपाल चिया तथा कफि विकास बोर्डका नवनियुक्त उपाध्यक्ष आदित्य पराजुली, पत्रकारद्वय गोपाल गिरी र रोहित काफ्ले, चिया निर्यातकर्ता अंशु गिरी, प्लाइउड उद्योगी महेश चित्लागिया, अलैंची निर्यातकर्ता निर्मल भट्राई तथा संघका उत्कृष्ट सदस्यकारुपमा सूर्य टि इस्टेटका सत्यनारायण तायल, विनय गोयल र महेश चित्लागिया, उद्योग संघका कर्मचारीहरु सुश्मा शाक्य, राजु दवाडी र सिमा दाहाल लगायतलाई सम्मान गरिएको थियो । उद्योग संघका अध्यक्ष यमबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष शिवकुमार गुप्ताले र संचालन पत्रकार इश्वर अधिकारीले गरेका थिए ।

**स्वास्थ्य**

# मुख स्वास्थ्यप्रति सजग रहन चिकित्सकहरूले सुझाव



समयमै उचित ध्यान नदिँदा दाँत तथा मुखका सामान्य समस्याले पनि जटिलता उत्पन्न गर्ने भएकाले मुख स्वास्थ्यप्रति सजग रहन चिकित्सकहरूले सुझाव दिएका छन् । प्रायः नेपालीका दाँत २० देखि २२ वर्षको उमेरमै १-२ वटा र ४० देखि ५० वर्षको उमेरमा ४-५ वटा झरिसकेको पाइन्छ । नेपालीहरूले मुख गन्हाउने, दाँतबाट रगत आउने, दाँत किराले खानेजस्ता समस्यलाई सामान्य जस्तै मान्ने गरेको भन्दै चिकित्सकहरूले मुखका समस्याको उचित निदान र उपचारले शरीरका अन्य प्रणालीका रोगको समेत निदान र उपचार हुने बताएका हुन् ।

डा. सुवास घिमिरेले दाँतलाई नियमित सफा गरेपनि मुटुका रोग, प्रेसर, सुगरलगायत ६० प्रतिशत रोग मुखको स्याहार नगर्दा लाग्ने बताएका छन् । दाँतको सरसफाइ गर्दा ७५ प्रतिशत दन्तरोग कम गर्न सकिने भन्दै उनले दिनमा ३ पटक दाँतका पाँचवटै भाग सफा गर्ने तर दाँत धेरै नघोट्ने गरी ब्रस गर्नुपर्ने बताए ।

रातभरमा मुखमा किटाणुहरू थुप्रिने भएकाले बिहान उठ्नेबित्तिकै दाँत माझ्नु राम्रो हुने उनको सुझाव छ । दिनको दुई पटक ब्रस गर्ने, गुलियो खाएपछि सफा गर्ने, सुत्नुभन्दा अगाडि मनतातो पानीमा नुन राखेर कुल्ला गर्दा मुख स्वस्थ रहने छ । मुख स्वास्थ्य भन्नाले दाँत, गिजा, जिब्रो, भित्रको गालासमेत पर्दछ । दाँतका साथै जिब्रो, गिजालाई पनि सफा राख्नुपर्दछ । नेपालका ६५ देखि ७० प्रतिशत बालबालिका तथा ९० प्रतिशत वयस्कमा दन्त सडनको समस्या रहेको पाइएको छ ।

**रोचक जानकारी**

- ➢ पृथ्वी गोलो छ भन्ने तथ्य स्थापित हुनुभन्दा पहिले समुद्र यात्रामा जाने नाविक तथा जहाजीहरु पृथ्वीको छेउमा पुगियो भने अनन्त गहिराईमा खसेर हराइन्छ भन्ने विश्वास गर्थे ।
- ➢ सोह्रौं शताब्दीमा थर्मामिटरमा पारोको सट्टा अल्कोहल राखिएको हुन्थ्यो ।
- ➢ एक समयमा पर्सियाका सम्राट फ्रेडरिकले कफीको सेवनमा प्रतिबन्ध लगाएका थिए । त्यसको सट्टामा उनले अल्कोहल प्रयोग गर्न आदेश जारी गरेका थिए ।
- ➢ पार्टी, भोजभतेरहरुमा अक्सर टोस्ट (त्यबकत) शब्दको प्रयोग गर्ने गरिन्छ । वास्तवमा टोस्ट शब्दको अर्थ हुन्छ, सुस्वास्थ्यको लागि कामना । यो शब्दको प्रचलन प्राचीन रोमबाट भएको थियो । त्यस समयमा टोस्ट प्रस्ताव गरिने रोटीको टुक्रालाई रक्सीमा भिजाइएको हुन्थ्यो ।
- ➢ एउटा स्वस्थ पुरुष दुई हफ्तामा यति वीर्य स्राव(बाहिर) गर्न सक्छ, जस्ले विश्वका हरेक महिलालाई गर्भवती बनाइदिन सक्छ ।
- ➢ अठारौं शताब्दीमा कपाल धुनको लागि रमको प्रयोग गर्ने गरिन्थ्यो । त्यसबेला कपाल सफा एवं स्वस्थ राख्न रमको प्रयोग उत्तम विधि मानिन्थ्यो । त्यसैगरी ब्राण्डीले कपालको जरा मजबूत बनाउछ भन्ने विश्वास त्यसबेला व्याप्त थियो ।
- ➢ ४८ टोलीमा विस्तार भएपछि विश्वकपमा अब चार देश रहने गरी १२ समूह बनाइने छ । यसले गर्दा ३२ को राउन्ड हुनेछ, जुन अघिल्ला संस्करणहरूको तुलनामा अतिरिक्त नकआउट राउन्ड हो ।
- ➢ वास्तवमा सन् १९९४ मा अमेरिकामा आयोजना भएको विश्वकप प्रतियोगितादेखि यो प्रतियोगिताको आकार दोब्बर भएको छ, त्यतिबेला केवल २४ टोलीले प्रतिस्पर्धा गरेका थिए ।

**दैनिक राशिफल**

आज मिति
२०८३ साल
असार २३ गते
मंगलबार
7 July, 2026
तिथि : सप्तमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |



***रोपाईको रोदन:*** *हिजो हलो समात्ने हातहरू परदेशिए, आज त्यही हलो महिलाले समातेका छन् । असारको रोपाइँसँगै नेपाली गाउँको यथार्थ फेरिएको छ । मानो रोपेर मुरी फलाउने आशामा महिलाहरू नै हलो, कुटो र कोदालो बोकेर खेतमा छन् । यो केवल खेतीको कथा होइन, वैदेशिक रोजगारीले बदलिएको गाउँको वास्तविकता हो ।*

# मुम्बईमा भवन भत्किँदा छ जनाको मृत्यु

**एजेन्सी/** भारतको आर्थिक राजधानी मुम्बईमा मनसुनी भारी वर्षाबीच एउटा जीर्ण आवासीय भवन भत्किँदा पाँच बालबालिकासहित छ जनाको मृत्यु भएको छ । लगातारको वर्षाले सडक जलमग्न बनेपछि जनजीवन प्रभावित भएको अधिकारीहरूले सोमबार जनाएका छन् ।

मुम्बईकी मेयर ऋतु तावडेका अनुसार आइतबार सहरको पूर्वी भागमा रहेको उक्त भवन भत्किँदा त्यहाँका बासिन्दा भग्नावशेषमा पुरिएका थिए । उद्धार टोलीले घटनास्थलबाट शवहरु निकालेको बताइएको छ ।

भारत मौसम विज्ञान विभागले २४ घण्टामा २०० मिलिमिटरभन्दा बढी वर्षा मापन गरेको जनाउँदै मुम्बईका लागि 'रेड अलर्ट' जारी गरेको छ । निरन्तर वर्षा र तीव्र हावाको सम्भावनासँगै विद्यालय तथा कलेजहरु बन्द गरिएको छ । अधिकारीहरूले वर्षाका कारण रूख तथा संरचना ढल्ने जोखिम रहेकाले सर्वसाधारणलाई सतर्क रहन र आवश्यक नभएसम्म घरबाहिर ननिस्कन आग्रह गरेका छन् ।

# तीनसय छात्रालाई शैक्षिक सामग्री वितरण



**उर्लाबारी/** रङ्गेली नगरपालिका मोरङको आयोजनामा कक्षा ८ मा अध्ययनरत १५ वटा सामुदायिक विद्यालयमा अध्ययनरत ३०० जना छात्रालाई छात्रासित उपमेयर कार्यक्रममा सम्मान गरिएको हो ।

सम्मानस्वरूप छात्राहरूले ब्याग तथा शैक्षिक सामग्री प्राप्त गरेका छन् । छात्रासित उपमेयर कार्यक्रमलाई निरन्तरता दिँदै विज्ञहरूबाट किशोरी अवस्थाका परिवर्तनहरु किशोरीको मनोविज्ञान पढाइप्रतिको चासो साइबर अपराधबाट बच्ने उपाय प्राविधिक तथा सीपमूलक शिक्षा मानसिक तनाव कुलत र कुसंगतबाट बच्ने उपायहरु लगायतका विषयमा ३०० जना छात्रालाई अभिमुखीकरण गरिएको नगरपालिकाले जनाएको छ । कार्यक्रमका अध्यक्ष तथा रङ्गेली नगरपालिका कि कार्यवाहक नगर प्रमुख भूमा पराजुलीको अध्यक्षतामा सम्पन्न भएको जनाइएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप साह शिक्षा अधिकृत लीला देवी ओझा ओरेक नेपालका प्रतिनिधि विभिन्न विद्यालयका शिक्षकहरु लगायतको सहभागिता रहेको थियो । रङ्गेली नगरपालिकाले विशेषगरी किशोरी शिक्षा र स्वास्थ्यमा सुधार योजना विगत केही वर्षदेखि गर्दै आएको हो। कार्यक्रमको मूल नारा रंगेलीको इच्छा छात्रालाई शिक्षा रहेको थियो ।

# 'पहिलो पाइला नेपाल'को अध्यक्षमा ओझा



**दमक/** स्थानीय युवाहरूले सञ्चालन गर्दै आएको सामाजिक संस्था 'पहिलो पाइला नेपाल' ले नयाँ कार्यसमितिको चयनसँगै समाज परिवर्तनको अभियानलाई अझ सशक्त बनाइरहेको छ ।

शनिबार सुन्दरहरैंचाको गोठगाउँमा सम्पन्न छैटौं साधारणसभाले विजय ओझालाई सर्वसम्मत अध्यक्षमा चयन गर्दै ११ सदस्यीय नयाँ नेतृत्व चयन गरेको हो । यसअघि सचिवको भूमिकामा सक्रिय ओझाले युवा परिचालन मार्फत सामाजिक रूपान्तरण सम्भव हुने विश्वास व्यक्त गरे ।

नवगठित कार्यसमितिमा समीक्षा कार्की उपाध्यक्ष, केवल लुइँटेल सचिव, मनोज अधिकारी सहसचिव, विनोद अधिकारी कोषाध्यक्ष र सुप्रिया सिराल सहकोषाध्यक्ष चयन हुनुभएको छ । सदस्यहरूमा सुनिल ढुंगाना, किरण सापकोटा, रमेश बस्नेत, निर्मला खड्का र होमबहादुर गौतम छन् ।

# झापामा अधिकांस शैक्षिक परामर्श संस्थाहरू नियमविपरीत

**दमक/** झापामा अधिकांस शैक्षिक परामर्श संस्थाहरू अवैध ढंगले सञ्चालन हुदैआएको पाईएको छ । नेपाल शैक्षिक परामर्श व्यवसायी संघ (ईक्यान ) झापाका अनुसार जिल्लामा दुई सय बढी भाषा अध्यापन गराउने शैक्षिक परामर्श संस्थाहरू मध्ये आधा बढी नियमविपरीत सञ्चालन हुदै आएको हो ।

कोशी प्रदेश सरकारमा जिल्लाका १८८ शैक्षिक संस्थाहरू नियमानुसार दर्ता भएपनि आधा बढीले दर्ता अनुमति विनानै भाषा अध्यापनका लागि शैक्षिक परामर्श कक्षाहरू सञ्चालन गरिआएको पाईएको इक्यान झापाले जनाएको छ ।

जिल्लाको दमक, विर्तामोडलगायतका शहरी क्षेत्रमा छयाप्छयाप्ती खोलिएका यस्ता शैक्षिक परामर्श संस्थाहरूले कर छलि गर्नुका साथैं आम अभिभावकहरूसंग मोटो रकम असुली गरि आएको समाचार स्रोतको दावी छ ।

दमकमा करिव ९० , विर्तामोडमा १२५ संख्यामा यस्ता शैक्षिक परामर्श दाता संस्थाहरू रहेका छन् । दमकमा सञ्चालित परामर्श दाता संस्था मध्ये ३२ वटा संस्थाले मात्र दर्ता अनुमति पाएको बुझिएको छ । दमकमा चारवर्ष देखि कोरिया भाषा अध्यापन गराउदै आएको स्वलसिटीले समेत विना स्वीकृति भाषा अध्यापन गराउदैं आएको पाईएको छ ।

भाषा अध्यापन गराउने शैक्षिक परामर्श दाता संस्थाले विद्यार्थीहरूसंग मोटो रकम असुल गरिआएको गुनासो आएपछि प्रशासनले अनुगमन तीव्र बनाएका छन् । इलाका प्रहरी कार्यालय दमकसहितका अनुगमन अधिकारीहरूले दमकमा अनुगमन गरि नियम विपरीतका शैक्षिक परामर्श दाता संस्थाहरूको कागजात जफत गरि कारवाहीको प्रकृया अघि बढाईएको दमक प्रहरीले जनाएको छ ।

# ओलम्पियाड टोलीकी कृतिसरा सम्मानित

दमक । उज्बेकिस्तानको समरकन्दमा हुने ४६औं चेस ओलम्पियाडका लागि नेपाली राष्ट्रिय टोलीमा परेकी तथा हालै राष्ट्रिय च्याम्पियन बनेकी कृतिसरा अधिकारीलाई दमक नगरपालिकाले सम्मान गरेको छ।

नगरपालिकाको १९औँ नगरसभाको समापनका अवसरमा सोमबार अधिकारीलाई सम्मानपत्रसहित ११ हजार रूपैयाँ प्रदान गरिएको हो। नगर प्रमुख रामकुमार थापा र उपप्रमुख रेगिना भट्टराईले उनलाई सम्मान गर्दै राष्ट्रियस्तरमा दमकको पहिचान स्थापित गरेको भन्दै आगामी अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि शुभकामना दिएका थिए।



हालै दमकमा सम्पन्न ११औँ महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा अधिकारीले ८.५ अंकसहित राष्ट्रिय च्याम्पियनको उपाधि जितेकी थिइन्। सोही प्रतियोगितामा ७.५ अंकसहित दोस्रो भएकी झापाकी पूजा भण्डारीलाई पनि नगरपालिकाले सम्मानपत्रसहित ७ हजार रूपैयाँ प्रदान गरेको छ।

# माइखोलामा बेलीब्रिज उद्घाटन

**इलाम/** इलामको देउमाइ नगरपालिका केचना-कञ्चनजंघा सडकअन्तर्गत बेलासीस्थित माइखोलामा बेलीबिज्रज उद्घाटन भएपछि सवारीसाधनलाई सहज भएको छ ।

नगरपालिकाका प्रमुख सूर्यप्रसाद पोखरेल, उपप्रमुख पविमाया राई, वडाध्यक्षहरु, कर्मचारी तथा स्थानीयवासीको उपस्थितिमा बेलीब्रिज सो बेलीब्रज उद्घाटन भएको हो ।

माइखोलामा रहेको पुलको आधा भाग गत वर्ष आएको बाढीले दबिएपछि दबिएको भागमा बेलीब्रिज जडान गरिएको हो । पुल क्षतिग्रस्त भएपछि इलाम बजार, मंगलबारे बजार तथा पाँचथर, ताप्लेजुङलगायतका क्षेत्रबाट आवतजावत गर्ने सवारीसाधनलाई समस्या हुँदै आएको थियो ।

***झापामा****....*दिएका छन् ।

गृहमन्त्री गुरूङले मेचीनगरस्थित बाहुण्डाँगी पुगेर जङ्गली हात्ती प्रभावित बस्तीको निरीक्षण गर्ने तथा स्थानीयवासीसँग प्रत्यक्ष संवाद गरी समस्या र सुझाव संकलन गर्ने कार्यक्रम रहेको छ । उनले काँकरभिट्टा सीमा नाका, जोरसिमल चेकपोस्ट र मेची भन्सार कार्यालयको पनि निरीक्षण गर्दै सुरक्षा र भन्सार व्यवस्थाबारे जानकारी लिएका छन् ।

यसअघि उनले बुद्धशान्ति गाउँपालिकामा पुगेर जेन-जी आन्दोलनका क्रममा घाइते भएका अनिकेत चौलागाईँको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए । गृहमन्त्रीको भ्रमणलाई लक्षित गर्दै झापामा सुरक्षा व्यवस्था कडा पारिएको प्रहरीले जनाएको छ ।

***झापाका****.....* व्यावसायिक फार्म र गौरादह-६ स्थित रेमन कृषि फार्ममा रहेका २० हजार ९० कुखुरा, ९७ हजार ४५० अण्डा र १० हजार ४६५ किलोग्राम दाना नष्ट गरिएको थियो। नष्ट गरिएका सामग्रीको मूल्यांकनपछि कुल क्षति करिब २ करोड ९२ लाख रुपैयाँ पुगेको केन्द्रले जनाएको छ।

केन्द्र प्रमुख शितल भट्टराईका अनुसार नष्ट गरिएका पन्छी, पन्छीजन्य उत्पादन तथा अन्य सामग्रीको प्रमाणित विवरण जिल्ला प्रशासन कार्यालयमार्फत पशु सेवा विभाग, हरिहरभवन पठाइसकिएको छ। विभागबाट स्वीकृति प्राप्त भएपछि कार्यविधिअनुसार प्रभावित किसानलाई क्षतिपूर्ति वितरण गरिने उनले बताइन्।

उनका अनुसार आवश्यक कागजात प्रमाणीकरणको प्रक्रिया पूरा भइसकेको र केही दिनभित्रै राहत वितरण सुरु हुने अपेक्षा गरिएको छ।

***योगदान****.....* प्रतियोगिताको जुनियरतर्फ प्रथम स्थान हासिल गरेबापत ११ हजार रूपैयाँ पुरस्कार प्राप्त गरे । त्यस्तै राजन सुवेदीले राष्ट्रिय चेस च्याम्पियनसिप-२०२६ मा तृतीय स्थान हासिल गरेपछि ७ हजार रूपैयाँ नगद पुरस्कारसहित सम्मानित भए । नगरपालिकाले खेलकुदमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई सम्मान गर्दै आगामी दिनमा पनि नगरबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न आवश्यक सहयोग र प्रोत्साहनलाई निरन्तरता दिने जनाएको छ ।

**चौधजना शिक्षक सम्मानित**

नगरसभाले लामो समयसम्म सामुदायिक विद्यालयमा अध्यापन गरी अनिवार्य अवकाश प्राप्त गरेका १४ जना शिक्षकलाई पनि सम्मान गरेको छ । सम्मानित शिक्षकहरूलाई सम्मानपत्र र दोसल्ला प्रदान गरिएको थियो ।

सम्मानित हुने शिक्षकहरूमा निर्मला भट्टराई (भृकुटी माध्यमिक विद्यालय), भुवानी प्रसाद काफ्ले (पशुपति आधारभूत विद्यालय), प्रकाश भण्डारी (हिमालय माध्यमिक विद्यालय), हरी नारायण अधिकारी (सिंहदेवी माध्यमिक विद्यालय), तुलसी प्रसाद निरौला (सरस्वती माध्यमिक विद्यालय), प्रमिला कुमारी अधिकारी (जनता आधारभूत विद्यालय), देवीमाया गौतम र यमुनादेवी गौतम (विद्योदय आधारभूत विद्यालय), गीतादेवी निरौला (महालक्ष्मी आधारभूत विद्यालय), कृष्ण प्रसाद भण्डारी र रघुनाथ भण्डारी (ढुकुरपानी माध्यमिक विद्यालय), बलराम बस्ती (हिमालय माध्यमिक विद्यालय), सुरेश कुमार राउत (कृष्ण माध्यमिक विद्यालय) तथा भगिरथ मिश्र (सरस्वती माध्यमिक विद्यालय) रहेका छन् ।

यी शिक्षकहरूले प्राथमिक तहदेखि माध्यमिक तहसम्म दशकौंसम्म शैक्षिक सेवामा योगदान पुऱ्याई अनिवार्य अवकाश प्राप्त गरेका हुन् । नगरपालिकाले उनीहरूको समर्पण, अनुभव र शिक्षाप्रतिको योगदानको कदरस्वरूप सम्मान गरेको जनाएको छ । नगरप्रमुख रामकुमार थापाले नगरको विकास पूर्वाधारले मात्र सम्भव नहुने उल्लेख गर्दै शिक्षा र खेलकुदमा योगदान पुऱ्याउने व्यक्तिहरु नै नगरको वास्तविक सम्पत्ति भएको बताए । उनले नगरले आगामी दिनमा पनि प्रतिभाको सम्मान, प्रोत्साहन र संरक्षणलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

१९औँ नगरसभामा खेलाडी र शिक्षकहरूको सम्मानले नगरपालिकाले विकाससँगै शिक्षा, खेलकुद र मानव संसाधनको सम्मानलाई पनि समान प्राथमिकतामा राखेको सन्देश दिएको सहभागीहरूको भनाइ छ ।

***सुशासन****......* सभाले नगरपालिकामा कार्यरत कर्मचारीहरूको तलबी प्रतिवेदन स्वीकृत गर्नुका साथै नगरपालिकामा सूचीकृत नभएका वा नगरपालिका लगायत अन्य सरकारी निकायलाई तिर्नुपर्ने कर, शुल्क वा जरिवाना नतिरेका संस्था, समूह, क्लब, सञ्जाल तथा समितिलाई कुनै पनि प्रकारको आर्थिक सहयोग, अनुदान, जिन्सी वा वस्तुगत सहायता उपलब्ध नगराउने निर्णय गरेको छ । सार्वजनिक स्रोतको पारदर्शी उपयोग सुनिश्चित गर्न यस्तो व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ ।

आर्थिक अनुशासनलाई थप सुदृढ बनाउन नगरसभाले बेरूजु फछ्र्योटलाई उच्च प्राथमिकता दिएको छ । सार्वजनिक लेखा समितिको सिफारिसअनुसार नियमित गर्नुपर्ने तथा प्रमाण पेस गर्नुपर्ने बेरूजुको सम्परीक्षण गरी फछ्र्योटका लागि महालेखा परीक्षकको कार्यालयसँग अनुरोध गर्ने निर्णय गरिएको छ । असुल गर्नुपर्ने बेरूजु तत्काल असुल गर्न कार्यालयलाई निर्देशन दिइएको छ भने आगामी दिनमा बेरूजु हुन नदिन 'शून्य सहनशीलता' को नीति अपनाइने नगरसभाले जनाएको छ ।

नगरसभाले शिक्षा, खेलकुद तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मानसमेत गरेको छ । विभिन्न सामुदायिक विद्यालयबाट अनिवार्य अवकाश प्राप्त १४ जना शिक्षकलाई सम्मानपत्र र दोसल्ला प्रदान गर्दै नगरपालिकाले शिक्षा क्षेत्रमा उनीहरूले पुऱ्याएको योगदानको उच्च मूल्यांकन गरेको जनाएको छ । साथै हालै विभिन्न प्रतिस्पर्धात्मक परीक्षामा सफल भएका कर्मचारी तथा व्यक्तिहरूलाई पनि प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो ।

नगरप्रमुख थापाले नगरसभाको समापन गर्दै नीति तथा कार्यक्रम सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज र नगरवासीबीच सहकार्य अपरिहार्य रहेको बताए । उनले नगरपालिकाले आगामी वर्ष सुशासन, पारदर्शिता, सेवा प्रवाहको प्रभावकारिता र उत्तरदायी विकासलाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

***१ हजार****....*रकम भुक्तानी प्रक्रियामा छ । सरकारले काठमाडौं उपत्यकाका नदी/खोला किनारका सुकुम्बासी बस्तीमा डोजर चलाएपछि बेघर भएका २ हजार ६०८ परिवारले नाम दर्ता गराएका थिए ।

# राजवंशी समाज विकास समितिको नयाँ नेतृत्व

**गौरीगञ्ज/** पूर्वका आदिवासी राजवंशी समुदायको सामाजिक संस्था राजवंशी समाज विकास समितिको नयाँ नेतृत्व चयन भएको छ । झापाको गौरीगञ्जमा सम्पन्न राजवंशी समाज विकास समितिको सातौ एकता महाधिवेशनले कमलप्रसाद राजवंशीको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो ।

२१ सदस्यीय निर्वाचित समितिको उपाध्यक्षहरूमा डाक्टर नुनीलाल राजवंशी , अनिल राजवंशी , महिला उपाध्यक्षमा नौताली राजवंशी , चकचकी राजवंशी र कोषाध्यक्षमा अशोककुमार राजवंशी चयन भएका छन् । यसैगरी, निर्वाचित समितिको महासचिवमा राजकुमार राजवंशी (राजासाहेब), सचिवहरूमा रूपेश राजवंशी, नरेशकुमार राजवंशी , सत्यनारायण राजवंशी र आत्माराम राजवंशी चुनिएका छन् ।

त्यस्तै, सदस्यहरूमा नन्दलाल राजवंशी, प्रकाशचन्द्र राजवंशी,नारायणसिंह राजवंशी , खकेन राजवंशी, रतन राजवंशी, रघुनाथ राजवंशी,सनम राजवंशी, हिरामनी राजवंशी, मेनुका राजवंशी ,निर्मला राजवंशी लगायत निर्वाचित भएका छन्।

२०७९ असार ३० र ३१ गते मोरङमा भएको संस्थाको छैटौ महाधिवेशनले सुवन्त राजवंशीको नेतृत्वमा समिति गठन गरेको थियो । त्यसप्रति असन्तुष्टि जनाउँदै अभय राजवंशीले बिशेष अधिवेशन आयोजना गरी साउन २८ गते एउटै संस्थाको नाममा अर्को समिति बनाएका थिए । दुवै समितिले आफू आफूलाई आधिकारिक दावी गर्दै कानुनी लडाईसमेत लडेका थिए ।

समानान्तर गतिविधि गर्दै एकले अर्को समितिलाई निषेध गर्न खोजेपछि निरन्तर विवादसंगै राजवंशी जाति विभाजित भएको थियो । उक्त संस्था दुईवटा समूहमा विभाजित गरी लामो समयसम्म आधिकारिताको विवाद गर्दै आएका थिए ।

***कमलमा****....विपद् व्यवस्थापन, महिला तथा बालबालिका, युवा तथा खेलकुद, वातावरण संरक्षण, राजस्व व्यवस्थापन र सार्वजनिक सेवा प्रवाहलगायतका विविध विषयमा जिज्ञासा, गुनासा र सुझाव राखेका थिए ।*

*विशेषगरी विद्यालयको शैक्षिक गुणस्तर सुधार, स्वास्थ्य संस्थामा औषधि तथा जनशक्तिको उपलब्धता, युवाका लागि रोजगारी र सीपमूलक तालिम, कृषि उत्पादनको बजारीकरण, सडक तथा नाली निर्माणको गुणस्तर, योजनाको समयमै सम्पन्नता तथा सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने विषयमा सहभागीहरूले चासो व्यक्त गरेका थिए ।*

*कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिँदै गाउँपालिका अध्यक्ष राईले नागरिकका सुझाव र गुनासालाई स्थानीय सरकारको सुधारका लागि सकारात्मक रूपमा लिइने बताउँदै विकास निर्माणका कार्यलाई गुणस्तरीय, पारदर्शी र समयमै सम्पन्न गरिने प्रतिबद्धता व्यक्त गरे। उपाध्यक्ष तिवारीले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाइने बताइन्। प्रमुख प्रशासकीय अधिकृत ढकालले गाउँपालिकाले कानुनी व्यवस्था र उपलब्ध स्रोत-साधनका आधारमा सेवा प्रवाहलाई सहज, छिटोछरितो र नागरिकमैत्री बनाउन निरन्तर प्रयास भइरहेको जानकारी दिए ।*

*कार्यक्रममा सहभागीहरूले सार्वजनिक सुनुवाइलाई स्थानीय सरकार र नागरिकबीच प्रत्यक्ष संवाद गर्ने प्रभावकारी माध्यमका रूपमा लिँदै यस्ता कार्यक्रम नियमित रूपमा सञ्चालन गर्न सुझाव दिएका थिए । उनीहरूले सार्वजनिक सुनुवाइबाट नागरिकका गुनासा, सुझाव र अपेक्षालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न सहज हुने विश्वास व्यक्त गरे । कार्यक्रमको सहजीकरण भिन्न मिडिया एण्ड रिसर्च प्रालिले गरेको थियो ।*

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल
**कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com